# खावासाकी शहरको सरकारी प्राथमिक र माध्यमिक विद्यालयमा आफ्ना बच्चालाई भर्ना गर्न चाहने विदेशी नागरिकहरुको लागि

तपाइँ आफ्नो बच्चालाई खावासाकी शहरको सरकारी प्राथमिक र माध्यमिक विद्यालयमा भर्ना गर्न चाहानु हुन्छ भने तल उल्लेखित कुराहरुलाई ध्यानमा राखेर आवेदन दिनुहोस्।

## ◎ भर्ना हुनको लागि आवश्यक योग्यता

**प्राथमिक विद्यालय** – २०१९ साल अप्रिल २ तारिख देखि २०२० साल अप्रिल १ तारिखको बीचमा जन्मेका बच्चाहरु

**माध्यमिक विद्यालय** — २०२६ साल मार्च महिनामा प्राथमिक विद्यालयको पढाई पुरा गर्ने योजना भएको बच्चाहरु

※भिषाको अवधि बाँकी भएपनि नभए ता पनि सम्पूर्ण बच्चाहरुले विद्यालयमा भर्नाको लागि आवेदन दिन पाउँछ।

## ◎ भर्ना प्रक्रिया र आवेदन फाराम बुझाउने ठाउँ

### १ भर्ना प्रक्रियाको लागि आवश्यक कुराहरु

- विद्यालय भर्नाको आवेदन फाराम (वडा कार्यालय बाट प्राप्त गर्न सक्नुहुन्छ।)

नाम लेख्दा जाइरियु कार्ड अथवा स्थायी बासिन्दा प्रमाणपत्रमा लेखिएको जस्तै लेख्नुहोस्।

ठेगाना र उमेर मिलेको छ कि छैन् भनेर हेर्न मिल्ने कागजपत्र पनि साथमा लिएर आउनुहोस्।

➢ **खावासाकी शहरको सरकारी प्राथमिक विद्यालयको पढाई पुरा गर्ने योजना भएको बच्चाहरुले माध्यमिक विद्यालय भर्नाको लागि आवेदन दिनु पर्दैन्।**

### २ आवेदन फाराम बुझाउने ठाउँ (सम्पर्क गर्ने कार्यालय)

आफु बस्ने वडा कार्यालय (स्थानिय बासिन्दा विभाग बासिन्दा अभिलेख २ नम्बर शाखा)

| | | | |
|---|---|---|---|
| **खावासाकी वडा कार्यालय** | फोन नं.: 044-201-3141 | **मियामाए वडा कार्यालय** | फोन नं.: 044-856-3141 |
| **साइवाइ वडा कार्यालय** | फोन नं.: 044-556-6615 | **तामा वडा कार्यालय** | फोन नं.: 044-935-3152 |
| **नाकाहारा वडा कार्यालय** | फोन नं.: 044-744-3172 | **आसाओ वडा कार्यालय** | फोन नं.: 044-965-5121 |
| **ताकाचु वडा कार्यालय** | फोन नं.: 044-861-3161 | | |

## ◎ फाराम बुझाउने अवधि

विद्यालय भर्नाका लागि जुनसुकै बेला पनि आवेदन दिन सक्नुहुन्छ। तर प्राथमिक विद्यालयमा भर्ना गर्नेको लागि स्वास्थ्य जाचँ पनि गर्नु पर्ने हुनाले सकेसम्म चाँडो आवेदन फाराम भरेर बुझाउनुहोस्।

## ◎ विद्यालय भर्नाका लागि स्वास्थ्य जाँचका प्रक्रियाहरु

खावासाकीको सरकारी प्राथमिक विद्यालयमा भर्ना गर्न चाहनु हुने व्यक्तिहरुको बच्चाको स्वास्थ्य जाचँ अक्टोबर २९ तारिख (बुधबार) देखि डिसेम्बर ४  तारिख (बिहीबार) सम्म प्राथमिक विद्यालयमा नै गरिन्छ।。

स्वास्थ्य जाचँको लागि बुकिङ्ग गर्न चाहनुहुन्छ भने तल लेखिएको नम्बरमा फोन गर्नुहोस्।
केहि दिनपछि हुलाक मार्फत स्वास्थ्य जाँचको मिति, समय र स्थानको जानकारी गराउने छौं।

**(सम्पर्क) शिक्षा समिति स्वास्थ्य शिक्षा विभाग फोन नं.**: 044-200-3293

**खावासाकी शिक्षा समिति**